# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

### हवाईमार्गबाट खाद्यवस्तु ढुवानी सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।०४। १५ गते

आर्थिक वर्ष २०७८।०७९ को लागि तपशिलमा उल्लेखित सेक्टरहरुमा हवाईमार्गबाट खाद्यबस्तु ढुवानी गराउनु पर्ने भएकोले उक्त काम गर्नको लागि मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक इजाजत प्राप्त हवाई कम्पनी वा कार्गो एजेन्सीले विद्युतिय बोलपत्र सम्वन्धि website: www.bolpatra.gov.np/egp, यस कम्पनीको website: www.fmtc.org.np कार्यालयको सूचनापाटीमा प्रकाशित विस्तृत सूचना वा बोलपत्र फाराममा उल्लेखीत शर्तहरु लागु हुने गरी देहायको मितिमा बोलपत्र खरिद गर्ने र दाखिला गर्ने गरी गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि सम्वन्धित कार्यालय र प्रधान कार्यालय खरिद एकाईमा सर्म्पक राख्न सूचीत गरिन्छ ।

तपशिल

बोलपत्र दस्तुर रु ५०००/- प्रति थान (फिर्ता नहुने गरी)

| क्र सं | खाद्यान्न ढुवानी सेक्टर | | ढुवानी गरिने अनुमानित परिमाण (क्वीण्टल) | धरौटी रकम रु | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र कार्यालय | बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम मिति, समय र कार्यालय |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| १ | नेपालगन्ज हवाई मैदान | हुम्ला सिमिकोट हवाई मैदान | ४००० | १५,२०,०००/- | २०७८।०५।१३ गते सम्म, खरिद एकाई प्र.का. काठमाडौं/ मुख्य शा.का. नेपालगंज | २०७८।०५।१५ गते १२:०० वजे सम्म खरिद एकाई प्र.का.काठमाडौंमा दाखिला गर्ने तथा सोही मितिमा दिउँसो २:०० वजे खोलिने छ । |
| २ | सुर्खेत हवाई मैदान | हुम्ला सिमिकोट हवाई मैदान | ६००० | २१,०७,०००/- | २०७८।०५।१३ गते सम्म, खरिद एकाई प्र.का. काठमाडौं/ प्रा.का. सुर्खेत | |

खरिद एकाई, प्रधान कार्यालय, काठमाडौं, फोन नं.०१-४२५५८६५, website: www.fmtc.org.np

# खाद्य व्यवस्था तथा व्यापार कम्पनि लि.

## हवाईमार्गवाट खाद्यवस्तु ढुवानी सम्वन्धी गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।०४।१५ गते**

आर्थिक वर्ष २०७८।७९ को लागि नेपालगंज/सुर्खेत देखि हुम्ला सदरमुकाम सम्म हवाईमार्गवाट खाद्यवस्तु ढुवानीको काम गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर प्राप्त गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका इजाजत प्राप्त इच्छुक हवाई सेवा कम्पनी/एयर कार्गो एजेन्सीबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहने गरी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

(१) कम्पनीको तल तोकिएको कार्यालयबाट पछि फिर्ता नहुने गरी सूचनामा तोकिएको मूल्य तिरी बोलपत्र फाराम, बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरु, सूचना र सम्झौता पत्रको नमूना संलग्न गरिएको कागजात सेट मिति २०७८।०५।१३ गते कार्यालय समय भित्रमा प्राप्त गर्न सकिने छ र सोही बोलपत्र फाराम भरी सूचनामा तोकिएको स्थान/कार्यालयमा पेश गर्नु वा विद्युतीय माध्यमवाट पठाउनु पर्ने छ।

(२) विद्युतीय माध्यम www.bolpatra.gov.np/egp वाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले माथि निर्धारित समय भित्र छापिएका बोलपत्र कागजातहरुको Hardcopy खरीद गरी वा बोलपत्र कागजात Download गरी बोलपत्रको निर्देशन कागजातमा उल्लेख भए अनुसारका कागजातसाथ बोलपत्र पेश गर्नु पर्ने छ । बोलपत्र कागजात Download गरी विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले कार्यालयको बैंक खातामा बोलपत्रको दस्तुर जम्मा गरी जम्मा गरेको भौचर Scanning गरी Scanned प्रति विद्युतीय बोलपत्र साथ पेश गर्नु पर्नेछ । यसरी बोलपत्र पेश गर्नेले बोलपत्र खोल्न निर्धारित मिति देखि ७ दिन भित्र सक्कलै Hardcopy कागजात यस कम्पनीमा बुझाउनु पर्नेछ।

(३) एउटै बोलपत्रदाताले एक वा सो भन्दा बढी सेक्टरहरुमा बोलपत्र पेश गर्न चाहेमा बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिमको बेग्ला बेग्लै धरौटी राख्नु पर्नेछ । E-bid गर्न चाहने बोलपत्रदाताले प्रत्येक सेक्टरका लागि छुट्टा छुट्टै बोलपत्र फारम भरी आवश्यक कागजात संलग्न राखी एकै पटकमा Submit गर्नु पर्ने छ ।

(४) बोलपत्रदाताले बोलपत्रसाथ तोकिए बमोजिमको धरौटी रकम कम्पनीको प्रधान कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्पनीमा नगद जम्मा गरेको नगदी रसिद बोलपत्रसाथ पेश गर्नु पर्नेछ । बोलपत्र साथ धरौटी वापत छुट्टै रकम राख्न अनिवार्य भएकोले बोलपत्रदाताले कम्पनीसंग लिन बांकी कुनै पनि रकमलाई धरौटीमा समाबेश गरी पाउं भनी निबेदन दिएमा सो लाई मान्यता दिइने छैन । बोलपत्रदाताले धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गरेको मितिले कम्तिमा १२० दिन अवधिको "क" बर्गको बाणिज्य बैंकको जमानीपत्र (Bidbond) राख्नु पर्नेछ । वोलपत्र स्वीकृत भएपछि स्वीकृत बोलपत्रदाताले लाग्न जाने ढुवानी भाडाको ५% (पांच) प्रतिशत रकम धरौटी बापत नगद जम्मा गरी वा सो बराबरको "क" बर्गको बाणिज्य बैंकले यस कम्पनीको सम्बन्धित कार्यालयको नाममा जारी गरेको २०७९ साल पौष मसान्त सम्म अवधि रहेको बैंक जमानी पत्र (Performance Bond) पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएको १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी जफत हुनेछ ।

(५) बोलपत्रसाथ बोलपत्रदाता हवाई सेवा कम्पनी/कार्गो एजेन्सीले फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्र, बायु सेवाको हकमा सञ्चालन अनुमतिको प्रमाणपत्र, स्थायी लेखा नम्बर प्राप्त गरी मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणपत्र र कर क्लियरेन्स पत्र समेतको प्रतिलिपी, कार्गो एजेन्सीको हकमा उक्त कागजातका साथै कुनै हवाई कम्पनीसंग भएको सम्झौताको प्रतिलिपी, बोलपत्र फाराम निर्देशिकामा माग गरिएका कागजात र घोषणापत्र संलग्न हुनु पर्ने छ । बोलपत्रको खाम बाहिर **(हवाईमार्गबाट खाद्य बस्तु ढुवानी सम्वन्धि बोलपत्र)** भन्ने उल्लेख हुनका साथै ढुवानी सेक्टर समेत स्पष्ट उल्लेख गरी बोलपत्रदाताको पूरा नाम, थर, ठेगाना स्पष्ट लेखिएको हुनु पर्ने छ ।

(६) एयरलाइन्स वा मान्यता प्राप्त एयर कार्गो एजेन्सीले बिगतमा हवाई साधन मार्फत तोकिए बमोजिमको ढुवानीको काम सम्पन्न गरेको कागजात बोलपत्रसाथ पेश गर्नु पर्ने छ । सो बाहेक अन्यको बोलपत्र प्राप्त भएमा मान्यता दिइने छैन ।

(७) बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रित पूर्वक सहि छाप तथा शिलबन्दी गरी बोलपत्रदाता आफैले वा आफ्नो अधिकृत प्रतिनिधि मार्फत वा हुलाक वा कुरियर मार्फत मिति २०७८।०५।१५ गते दिनको १२.०० बजे भित्र कम्पनीको प्रधान कार्यालय खरिद एकाईमा बोलपत्र बुझाई सक्नु पर्नेछ ।

(८) कम्पनीमा बुझाएको बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधि समेतको उपस्थितिमा बोलपत्र बुझाउने अन्तिम दिन मिति २०७८।०५।१५ गते अपरान्ह २.०० बजे खरिद एकाई प्रधान कार्यालयमा बोलपत्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि वोलपत्र खोल्ने कार्यमा कुनै वाधा हुने छैन ।

(९) बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट सम्म म्याद कायम रहने छ र सोहि अनुरुप बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोलिने दिन एक दिन पछि सर्नेछ ।

(१०) यो सुचना कम्पनीको प्रधान कार्यालय काठमाडौं, मुख्य शाखा कार्यालय नेपालगन्ज र प्रादेशिक कार्यालय सुर्खेतको सूचना पाटीमा तथा **Website :-** www.bolpatra.gov.np/egp मा समेत हेर्न सकिनेछ । अन्य कुराहरु बुझ्नु परेमा सम्वन्धित कार्यालयहरुमा सम्पर्क राखी बुझ्न सकिने छ ।

(११) यो सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र कम्पनीको विनियम अनुसार हुनेछ ।

(१२) बोलपत्रदाताले बोलपत्र साथ निम्न अनुसारको कागजात अनिबार्य रुपमा पेश गर्नु पर्नेछ ।

(क) तोकिए अनुसारको धरौटी रकम बुझाएको बैंक भौचर/नगदी रसिद/ **"क"** बर्गको बाणिज्य बैंकले जारीगरेको कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेण्टी पत्र ।

(ख) कम्पनी/फर्म रजिष्ट्रेशनको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) आ.व २०७६।०७७ को कर क्लियरेन्स प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) हवाईसेवा प्रदायक संस्था/कम्पनीको हकमा बायु सेवा संचालन अनुमति तथा प्रमाणपत्र र हवाई सेवा संचालनमा रहेको प्रमाणित कागजात । विमानको संख्या, प्रकार र भारवहन क्षमता ।

(च) कार्गो एजेन्सीको हकमा एयर कार्गो व्यवसाय गर्ने गरी किटानीसाथ दर्ता भई निरन्तर रुपमा व्यवसाय गरेको कार्गो एजेन्सी हुनु पर्ने छ ।

(छ) एयर कार्गो सर्भिस/एजेन्सीले बोलपत्र प्रकृयामा भाग लिने भएमा दुर्गम पहाडी तथा हिमाली जिल्लामा उडान भर्ने हवाई जहाज (Fix Wings) कम्पनीले जहाज संचालनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणबाट अनुमति (AOC) प्राप्त गरेको हवाई कम्पनीसंग कम्तीमा ३ वटा हवाईजहाज उपलब्ध गराउन सकिने भनी कुनै एउटा मात्र एयर कार्गो सर्भिस/एजेन्सीलाई मात्र जहाज भाडामा लिने दिने गरी भएको संझौताको प्रतिलिपी पेश गर्नु पर्ने छ । त्यस्ता कार्गो एजेन्सीले हवाई जहाज बाट विगत ३ वर्षमा (आ.व.२०७५/०७६ देखि .२०७७/०७८ सम्म) दुर्गम पहाडी जिल्लाहरु न्यूनतम १२ करोड बराबरको ढुवानी कारोबार गरेको बैंक स्टेटमेन्ट लगायत कागजात र अनुभवको प्रमाणपत्र पेश गर्नु पर्ने छ ।

(ज) कम्पनी/फर्म ढुवानी कार्य गर्न योग्य/सक्षम रहेको र कालो सूचीमा नपरेको घोषणा पत्र ।

(१३) विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले बोलपत्र दस्तुर बोलपत्र खरीद गर्न तोकिएको मिति भित्र यस कम्पनीको नेपाल बैंक लिमिटेड भूगोलपार्कमा रहेको ओ.डी. बैंक खाता नं ००२३०४००४९७५९२००००१ मा जम्मा भएको भौचरको स्क्यान कपी पेश गर्नु पर्ने छ ।

(१४) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा स्वीकृत गर्ने वा ढुवानी कोटा थपघट गर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहने छ । दुर्गम जिल्लाबाट थप खाद्यान्न कोटा माग भई आएमा कोटा थप हुन सक्ने छ र यसरी थप स्वीकृत हुने खाद्यान्न कोटा समेत सोही दरमा ढुवानी गर्नु पर्ने छ ।

खाद्यान्न ढुवानी गर्नु पर्ने सेक्टर, अनुमानित खाद्यान्न परिमाण, बोलपत्र दस्तुर र धरौटी रकम निम्न अनुसार रहेको छ ।

बोलपत्र दस्तुर रु ५०००/- प्रति थान (फिर्ता नहुने गरी)

| क्र सं | खाद्यान्न ढुवानी सेक्टर | | ढुवानी गरिने अनुमानित परिमाण (क्वीण्टल) | धरौटी रकम रु | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र कार्यालय | बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम मिति, समय र कार्यालय |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| १ | नेपालगन्ज हवाई मैदान | हुम्ला सिमिकोट हवाई मैदान | ४००० | १५,२०,०००/- | २०७८।०५।१३ गते सम्म, खरिद एकाई प्र.का. काठमाडौं/ मुख्य शा.का नेपालगंज | २०७८।०५।१५ गते १२:०० वजे सम्म खरिद एकाई प्र.का. काठमाडौंमा दाखिला गर्ने तथा सोही मितिमा दिउँसो २:०० वजे खोलिने छ । |
| २ | सुर्खेत हवाई मैदान | हुम्ला सिमिकोट हवाई मैदान | ६००० | २१,०७,०००/- | २०७८।०५।१३ गते सम्म, खरिद एकाई प्र.का. काठमाडौं/ प्रा.का. सुर्खेत | |

खरिद एकाई, प्रधान कार्यालय, काठमाडौं, फोन नं.०१-४२५५८६५, website: www.fmtc.org.np